बर्दिबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दिबास ,महोत्तरी, मधेश प्रदेश

स्थापना २०७३

प.स.:-२०८१/८२

च.न.:-

मितिः-२०८१/०९/२९

## सेवा करार सम्बन्धी सूचना

(पुनःप्रकाशित मितिः२०८१/०९/२९)

यस नगरपालिकाको लागि तपसिल बमोजिमका पदमा तपसिल बमोजिमको संख्यामा देहाय बमोजिमको शैक्षिक योग्यता भएका कर्मचारी सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । यसको फारम,दरखास्त दस्तुर, कार्यविवरण ,पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.bardibasmun.gov.np.बाट उपलब्ध हुनेछ ।

| क्र.स. | विज्ञापन न. | पद | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | ०४/२०८१/८२ | पशु चिकित्सक (छैंठौ) | १ | मान्यता प्राप्त विश्वविधालय वा शैक्षिक संस्थावाट पशु चिकित्सा विषयमा कम्तिमा स्नातक तह उतिर्ण गरेको र नेपाल पशु चिकित्सक परिषदमा दर्ता भएको |

१. आवेदन दस्तुरः-ने.रु.१२००/- (बारह सय मात्र)

२. छनौटको किसिमः- प्रारम्भीक सूची प्रकाशन,लिखित तथा अन्तरवार्ता परिक्षा

३. आवश्यक कागजातः

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्र
- नेपाल पशु चिकित्सक परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- २ प्रति पासपोर्ट अकारको फोटो

९।२९

रामसमणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

मा. मन्त्रीस्तरबाट मिति २०८१/०५/११ (ने.सं. ११४४ गुंलागा: नवमी, मङ्गलवार) मा स्वीकृत

# स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८१

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थानीय तहमा कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरुको कार्यान्वयनमा प्राविधिक सहयोग, प्रविधि प्रसार, आवश्यक समन्वय र सहजीकरणका लागि हस्तान्तरण भएको आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम ("कृषि स्नातक करार" र "एक पालिका एक भेटेरिनरी डाक्टर") बमोजिम स्थानीय तहमा करारमा कृषि स्नातक प्राविधिक परिचालन गर्ने प्रयोजनको लागि विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कृषि स्नातक प्राविधिक" भन्नाले दफा ५ बमोजिमको योग्यता पुगेका यस कार्यविधि बमोजिम छनौट भएका कृषि विज्ञानतर्फका कृषि स्नातक, पशु विज्ञानतर्फका स्नातक पशु चिकित्सक वा दुवै सम्झनु पर्छ।

(ख) "जिल्ला स्थित कार्यालय" भन्नाले प्रदेश कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालय अन्तर्गतको जिल्लास्थित कृषि क्षेत्र, पशुपन्छी वा दुवै क्षेत्र हेर्ने कार्यालय सम्झनु पर्छ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशस्थित कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको "कृषि विभाग", "पशु सेवा विभाग" वा दुवै सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले नेपालको संविधानमा व्यवस्था भए अनुसारका स्थानीय तह सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ४ बमोजिम गठित मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ।



सचिव

CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

परिच्छेद -२

## कृषि स्नातक प्राविधिक छनौट तथा परिचालन

३. <u>मुल्याङ्कन तथा सिफारिस समिति:</u> (१) कृषि स्नातक प्राविधिक छनौटका लागि देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख) जिल्लास्थित कार्यालयका प्रमुख वा अधिकृत प्रतिनिधि- सदस्य

(ग) सम्बन्धित स्थानीय तहको कृषिसँग सम्बन्धित महाशाखा/शाखा प्रमुख- सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रक्रिया पूरा गरी दफा ५ बमोजिमको योग्यता पुगेका उम्मेदवारको मूल्याङ्न गरी मूख्य उम्मेदवारसहित बैकल्पिक उम्मेदवार समेत छनौट गरी नियुक्तिका लागि सिफारिस गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रचलित कानून बमोजिम छनौट सम्बन्धी कार्यविधि तय गर्नेछ।

४. <u>कृषि स्नातक प्राविधिक हुन चाहिने न्यूनतम योग्यता:</u> (१) कृषि स्नातक प्राविधिकको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) कृषि विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण भएको ।

(ख) पशुपन्छी विज्ञान (पशु चिकित्सक) तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट पशु चिकित्सा विषयमा B.V.Sc. & AH/ B.V. Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण भई नेपाल पशुचिकित्सा परिषद्मा दर्ता भएको ।

५. <u>छनौट प्रक्रिया:</u> (१) सम्वन्धित स्थानीय तहले कृषि स्नातक प्राविधिक छनौट कार्यको लागि अनुसूची -१ र अनुसूची -२ बमोजिमको कार्यविवरण तोकी अनुसूची -३ बमोजिमको ढाँचामा कम्तीमा (७) सात दिनको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा तोकिएको समयावधिभित्र ईच्छुक उम्मेदवारले अनुसुची -४ बमोजिमको विवरण संलग्न गरी आवेदन दिनु पर्नेछ।

६. <u>कृषि स्नातक प्राविधिक सेवा करारमा परिचालन हुने:</u> (१) प्राविधिक ज्ञान, सीप उपलब्ध गराउन कृषि स्नातक प्राविधिक करारका लागि बजेट विनियोजन भएका सबै स्थानीय तहमा कृषि विज्ञानतर्फ स्नातक गरेका कृषि स्नातक एक जना र पशु विज्ञानतर्फ स्नातक गरेका पशु चिकित्सक एक जना परिचालन हुनेछन् ।



सजिव कुमार कर्ण

सचिव

CS CamScanner

(२) स्थानीय तह अन्तर्गत कृषि स्नातक प्राविधिक सेवा करारमा परिचालन वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सालबसाली स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही कृषि स्नातक प्राविधिक सेवा करारमा परिचालन गर्नु पर्नेछ।

७. <u>सेवा करार सम्बन्धी व्यवस्था:</u> (१) सम्बन्धित स्थानीय तहले करार सम्झौता गर्ने निर्णय गरी दफा ३ बमोजिमको समितिले सिफारिस गरेको उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई सेवा करार गर्न आउने सूचना दिनु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिमको अवधिभित्र सेवा करार गर्न आउने उम्मेदवारसँग अनुसूची -१ (कृषितर्फ) र अनुसूची -२ (पशु चिकित्सकतर्फ) बमोजिमको कार्यविवरण बमोजिम अनुसूची -५ बमोजिमको ढाँचामा सेवा करार गर्नु पर्नेछ। उक्त अवधिभित्र सेवा करार गर्नका लागि सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई सेवा करार गर्न सकिनेछ।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिम सेवा करार गर्दा नियुक्त भएको व्यक्तिले करार समाप्त नभई काम छाडी गएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सम्बन्धित स्थानीय तहले निर्णय गरी नियुक्त गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा नियुक्त व्यक्तिले काम छाडी गएमा र वैकल्पिक अन्य व्यक्ति नभएमा पुनः सूचना प्रकाशन गरी छनौट गरी बाँकी अवधिको लागि करार गर्नु पर्नेछ।

(५) यस कार्यविधि बमोजिमको करार अवधि चालू आर्थिक वर्षको असार मसान्तसम्मका लागि हुनेछ। स्रोत सुनिश्चितताको आधारमा करार सम्झौतालाई निरन्तरता दिन सकिनेछ।

(६) सम्बन्धित स्थानीय तहले यस कार्यविधि अनुसार सेवा करार गरि परिचालन गरिएको कृषि स्नातक प्राविधिकको वैयक्तिक विवरण अनुसूची -४ बमोजिमको ढाँचामा सम्वन्धित विभागमा अनिवार्यरुपमा पठाउनु पर्नेछ।

८. <u>पारिश्रमिक र सेवा सुविधा:</u> (१) कृषि स्नातक प्राविधिकको मासिक पारिश्रमिक सम्बन्धित स्थानीय तहमा कार्यरत अधिकृतस्तर छैठौं तहको शुरु स्केल सरह हुनेछ।

(२) अन्य सेवा सुविधाको हकमा सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम करार सम्झौतामा उल्लेख गरी प्रदान गर्न सक्नेछ।



संजिव कुमार कर्ण
सह-सचिव

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेद - ३

## कृषि स्नातक प्राविधिकको काम, कर्तव्य र सुपरिवेक्षण सम्बन्धी व्यवस्था

९. कृषि स्नातक प्राविधिकको काम, कर्तव्य र जिम्मेवारी: (१) कृषि स्नातक प्राविधिकको काम, कर्तव्य र जिम्मेवारी अनुसूची -१ र अनुसूची -२ मा उल्लेख भएका विषयहरु हुनेछन्।

(२) कृषि स्नातक प्राविधिकले सूचीकृत रोग र सीमाविहीन रोग तथा किराहरुको अवस्थाको जानकारी अनिवार्य रुपमा विभागमा गराउनु पर्नेछ।

(३) कृषि स्नातक प्राविधिकले विभागमा गरेको मासिक रिपोर्टिङका आधारमा निजलाई मन्त्रालय र विभागबाट कृषि स्नातक प्राविधिकहरुका लागि सञ्चालन हुने तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रममा सहभागिता गराइनेछ।

१०. सुपरिवेक्षणमा रहनु पर्ने: (१) कृषि स्नातक प्राविधिक सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीको सुपरिवेक्षणमा रही कार्य गर्नु पर्नेछ।

(२) कृषि स्नातक प्राविधिकले स्वीकृत वार्षिक कार्य योजना अनुसार मासिक कामको प्रगति विवरण अनुसूची -६ बमोजिमको ढाँचामा प्रत्येक महिनाको दुई गते आफ्नो सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ।

११. बाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकार: यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अड्काउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

संजिव कुमार कर्ण
सह-सचिव

सचिव

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची - १

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**कृषि स्नातक प्राविधिकको कार्यविवरण**

(१) स्थानीय तहको कृषि विकास सम्बन्धी क्रियाकलापहरुको सञ्चालनमा सहयोग गर्ने।

(२) स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वनका लागि सहजीकरण गर्ने।

(३) पालिका अन्तर्गत सञ्चालित कृषि कार्यक्रमहरुको मासिक, त्रैमासिक र वार्षिक प्रगति विवरण तयार गरी अनुसूची -६ बमोजिमको ढाँचामा विभागमा (doanepal.planning@gmail.com) संप्रेषण गर्ने र पालिकाको कृषि तथ्याङ्क अध्यावधिक गरी विभाग तथा मन्त्रालयमा सूचना संप्रेषण गर्ने।

(४) पालिकाको किसान सूचिकरण सम्बन्धी कार्यको लागि कृषि सूचना तथा प्रशिक्षण केन्द्रलाई (info@aitc.gov.np) आवश्यक सहजीकरण गर्ने।

(५) बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, स्थानीय तहमा दर्ता भएका कृषि सहकारी, समूह तथा कृषि उद्यमहरुको विवरणसहितको पालिका स्तरिय कृषि प्रोफाइल तयार गर्ने।

(६) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।

(७) आकस्मिक बाली संरक्षण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदान गर्न समन्वय गर्ने।

(८) कृषि बीमा र सहुलियत कृषि कर्जाका लागि सहजीकरण गर्ने।

(९) सङ्घ तथा प्रदेशका कृषि सम्बन्धी सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने।

(१०) अनुसन्धान पछि विकसित नवीन प्रविधि अनुशरणका लागि पालिकाका कृषक समुदायमा प्रचार प्रसार गर्ने।

(११) पालिकाको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने।

(१२) स्थानीय महत्वका बाली वस्तुहरुको उत्पादन तथा व्यावसायिक योजना तयार गर्ने।

(१३) कृषि सम्बन्धी न्यूनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने।

(१४) पालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने।

सचिव

सञ्जिव कुमार कर्ण
सह-सचिव

सचिव



CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसुची -२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## पशु विज्ञानतर्फका स्नातक पशु चिकित्सकको कार्यविवरण

(१) पशुपन्छी रोग पहिचान, निदान, उपचार तथा सो कार्यको अभिलेख अध्यावधिक गर्ने।

(२) राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली वा पशु सेवा विभागको इपिडेमियोलोजी शाखा (dls.adicd@gmail.com/vetepi@ntc.net.np) मा अनिवार्य रूपमा मासिक रुपमा रोगहरुको रिपोर्टिङ गर्ने तथा सो को जानकारी जिल्लास्थित पशु सेवा हेर्ने कार्यलयलाई गराउने।

(३) सूचीकृत रोग, सीमाविहीन रोग तथा विश्व पशु स्वास्थ्य सङ्गठनमा तत्कालीन सूचीकृत रोगहरू फैलिएको शङ्का लागेमा तुरून्तै नमूना सङ्कलन गरी निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी यथाशीघ्र सम्बन्धित निकाय (पशु सेवा विभाग, भेटेरिनरी इपिडेमियोलोजी शाखा) मा गर्ने।

(४) पशु कल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने।

(५) पशुपालन असल अभ्यास अवलम्वन बारे सचेतना तथा प्रमाणीकरण प्रक्रियामा सहजीकरण गर्ने।

(६) पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम गर्दै क्रमशः सुधार गराउने।

(७) सम्बन्धित स्थानीय तहको पशुपन्छी तर्फको वार्षिक कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रगति पेश गर्ने।

(८) स्थानीय तहमा रहेका पशुपन्छीको तथ्याङ्क अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने (dg@dls.gov.np)।

(९) पशु सेवा विभाग मार्फत स्थानीय तहमा आएका सशर्त अनुदानका कार्यक्रम सञ्चालन र सहजीकरण गर्ने।

(१०) राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत सङ्घबाट प्राप्त सम्पूर्ण खोपहरू सहित खोप कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने।

(११) विभागबाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरू नियमित रूपमा लगाउन भ्याक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण विभागमा (dls.adicd@gmail.com) जानकारी गराउने।

(१२) कृत्रिम गर्भाधानको सेवामा टेवा दिने तथा सो सम्बन्धी विवरण अध्यावधिक गरी प्रगति विवरण पेश गर्ने (nlbc.pokhara@gmail.com)।

(१३) पशु पहिचान तथा पञ्जीकरण कार्यमा सहयोग तथा सहजीकरण गर्ने।

(१४) पालिकामा रहेका पशुपन्छीपालक किसानका साथसाथै पशुपन्छी संख्या तथा दर्ता भएका पशुपन्छी फार्मको सङ्ख्या अध्यावधिक गर्ने र पशु सेवा विभागमा सूचना सम्प्रेषण गर्ने।

(१५) राष्ट्रिय सूचीकृत रोगहरूको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्न सङ्घ तथा प्रदेशको निकायलाई सहयोग तथा सहजीकरण गर्ने।

(१६) रोग परीक्षण र निदानको लागि आवश्यक नमूना सङ्कलन गरी प्रयोगशाला परीक्षण गर्ने र थप परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने।

६
संजिव कुमार कर्ण
सह-सचिव

सचिव

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(१७)जनस्वास्थ्यसँग सम्बन्धित रोगहरू (नेपाल सरकारको राजपत्रमा प्रकाशित भएका प्राथमिकतामा रहेका जुनोटिक रोगहरू) को जनस्वास्थ्यसँग सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रणमा सहयोग तथा सहजीकरण गर्ने।

(१८)रोग फैलिएको समयमा रोग नियन्त्रण सम्बन्धी सूचनामूलक सामग्री तयार गरी प्रकाशन, प्रसारण तथा स्थानीयस्तरमा जानकारी गराउने।

(१९)पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसारका लागि पशु स्वास्थ्य प्रमाणपत्र जारी गर्ने।

(२०)पशुपन्छीजन्य महामारी एवम् प्रकोप लगायतका विपद् व्यवस्थापनमा प्रदेश तथा सङ्घसँग समन्वय र सहकार्य गर्ने।

(२१)पालिकामा रहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई बन्ध्याकरण तथा रेबिज खोप लगाउने कार्य सञ्चालन गर्ने। कुकुरको टोकाईबाट मानिसमा हुने रेबिजलाई शून्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानीय स्तरमा रेबिज नियन्त्रण कार्य सञ्चालन गर्ने।

(२२)पालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने।

सजिव कुमार कर्ण
सह-सचिव

सचिव

सचिव



CamScanner